राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस नोट

२०७५ असोज २६

## जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि राष्ट्रिय सम्मेलन गर्ने

राष्ट्रिय मानव अधिकार आयोगले जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लागि देशव्यापी अभियान चलाउने भएको छ । यस सिलसिलामा प्रादेशिक र राष्ट्रिय सम्मेलन सम्पन्न गरी प्रतिवेदन समेत सार्वजनिक गर्ने आयोगको कार्ययोजना रहेको छ । सम्मेलन तयारीको क्रममा आज आयोगले सरोकारवालासँग राय/सुझाव लिने उद्देश्यले परामर्श तथा छलफल गरेको छ ।

छलफलको क्रममा सहभागीहरुबाट दलित समुदायका मानव अधिकारका विभिन्न विषयहरुमा सम्मेलन केन्द्रित हुनुपर्ने, कानून कार्यान्वयन गर्ने निकायहरुलाई सम्मेलनमा समावेश गर्नुपर्ने, दलित र गैरदलित सबैको सहभागिता हुनुपर्ने, सम्मेलनबाट आएका विषयहरुको सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गरी सकेपछि आयोगले स्थायी संयन्त्र निर्माण गरी कार्यान्वयनको लागि निरन्तर पहल गर्नुपर्ने लगायतका सुझावहरु प्राप्त भएको छ ।
तयारीकै क्रममा राष्ट्रिय दलित आयोग र दलित गैरसरकारी संस्था महासंघ समेतसँग आयोगले यस अघि नै परामर्श गरिसकेको छ ।

छलफलमा आयोगका कार्यबाहक अध्यक्ष प्रकाश वस्ती, निर्देशक डा. टीकाराम पोखरेल, दलित अधिकारको क्षेत्रमा क्रियाशील बौद्धिक व्यक्तिहरु साथै आयोगका कर्मचारीहरुको सहभागिता रहेको थियो ।

मुरारिप्रसाद खरेल
नि. सचिव